आज मिति २०८१ साल ........मंसिर........ महिना ....२३.... गते चुमनुव्री गाउँ कार्यपालिकाका अध्यक्ष श्री निमा लामा ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरि निर्णय गरियो।

उपस्थितिः

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | निमा लामा | |
| २ | उपाध्यक्ष | लक्ष्मी गुरुङ | |
| ३ | वडा अध्यक्ष १ | कर्मा छेवाङ लामा | |
| ४ | वडा अध्यक्ष २ | मिङ्ग्युर दोर्जे लामा | |
| ५ | वडा अध्यक्ष ३ | रामकुमार गुरुङ | |
| ६ | वडा अध्यक्ष ४ | पेमा ग्यलपो लामा | |
| ७ | वडा अध्यक्ष ५ | कालेन छेवाङ | |
| ८ | वडा अध्यक्ष ६ | सरोज लामा | |
| ९ | वडा अध्यक्ष ७ | टसी दोर्जे लामा | |
| १० | महिला सदस्य | सुनाम साङमो | |
| ११ | महिला सदस्य | कुन्छोक डोल्मा लामा | |
| १२ | महिला सदस्य | छिरिङ भुटी लामा | |
| १३ | महिला सदस्य | ढोलमा लामा | |
| १४ | मनोनित सदस्य(अल्पसंख्यक) | रुवेश घले | |
| १५ | मनोनित सदस्य(दलित) | गणेश विश्वकर्मा | |
| १६ | सदस्य सचिव | मनोज लामिछाने | |

अन्य उपस्थिति :

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रशासन शाखा प्रमुख | सन्दीप रेग्मी | |
| २ | | | |
| ३ | | | |
| ४ | | | |

निमा लामा
अध्यक्ष

कार्यपालिका बैठक मिति : २०८१।०८।२३ गते।

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०८।२३ गते।

चुमनुब्री गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिर्दिबास, गोरखा
गण्डकी प्रदेश, नेपाल

**मिति २०८१।०८।२३ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू**

१. क्यान नेपालसँग सम्झौता सम्बन्धमा।
२. पालिका लोगो तथा व्याच निर्माण सम्बन्धमा।
३. उपाध्यक्ष महिला सशक्तिकरण सम्बन्धमा।
४. सहयोग सम्बन्धमा।
५. शिक्षक सम्मान सम्बन्धमा।
६. हिउँदे अधिवेशन सम्बन्धमा।
७. संघीय राजश्व संकलनमा समन्वय गर्ने सम्बन्धमा।
८. डिपो स्थापना सम्बन्धमा।
९. प्रधानमन्त्री रोजगार कार्यक्रममा योजना छनौट सम्बन्धमा।
१०. विविध।

निर्णयहरू :

१. प्रस्ताव नं १ उपर छलफल गर्दा यस गाउँपालिकामा विगत २१ वर्ष देखि कार्यरत क्यान नेपाल संस्थालाई समाज कल्याण परिषदबाट सन् २०२५ देखि २०३० सम्मका लागि कार्य गर्न पाउने गरी म्याद थप भएकोमा उक्त संस्थाले यस गाउँपालिका अन्तर्गत स्वास्थ्य, शिक्षा, आयआर्जन तथा भौतिक पुर्वाधार निर्माणका क्षेत्रमा कार्य गरी Pre Consensus सम्झौतामा हस्ताक्षर गर्न प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं ३ उपर छलफल गर्दा चालु आ व को वार्षिक स्विकृत कार्यक्रम अनुसार पालिकाको लोगो निर्माणका लागि खुला रूपमा प्रस्ताव माग गर्ने र कार्यपालिका बैठकबाट उत्कृष्ट लोगो बनाउने फर्म, संस्था वा व्यक्तिलाई रू ५० हजार पुरस्कार वितरण गर्ने गरी प्रस्ताव आह्वान गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं ३ उपर छलफल गर्दा चालु आ व को वार्षिक स्विकृत कार्यक्रम उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रमबाट होमस्टे सञ्चालन तालिम, उद्घोषण तथा नेतृत्व विकास तालिम तथा ७० प्रतिशत अनुदानमा ईन्डक्सन चुल्हो वितरण गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं ४ उपर छलफल गर्दा प्रहरी चौकी जगतलाई दुईथान प्रेसर कुकर तथा ७ थान सिरक डस्ना तथा सिरानी, प्रहरी चौकी सिर्दिवासलाई ७ थान सिरक डस्ना तथा सिरानी खरिद गरी हस्तान्तरण गर्ने तथा प्रहरी चौकी छेकम्पारलाई १० थान पार्टि कुर्सी हस्तान्तरण गर्ने निर्णय गरियो।

५. प्रस्ताव नं ५ उपर छलफल गर्दा श्री बुद्ध मा वि फिलिमबाट २०८० को एस ई ई परिक्षामा सहभागी विद्यार्थीहरू नेपाली तथा सामाजिक विषयमा सतप्रतिशत उत्तिर्ण भएकोमा उक्त विद्यालय कक्षा १० का नेपाली विषय शिक्षक श्री पार्वता रेग्मी र सामाजिक विषय शिक्षक श्री प्रमोद पौडेललाई स्रस्टा सम्मान शिर्षकबाट जनही रू ४ हजार (कर बाहेक) सहित प्रमाणपत्र द्धारा सम्मान गर्ने निर्णय गरीयो।

६. प्रस्ताव नं ६ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाको आ व २०८१।८२ को हिउँदे अधिवेशन मिति २०८१ पौष ७ गते बिहान १० बजेबाट आह्वान गर्ने निर्णय गरियो।

निमा लामा
अध्यक्ष

७. प्रस्ताव नं ७ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिकाबाट संकलन भई संघीय राजश्व खातामा दाखिला गर्नु पर्ने राजश्व दाखिलाका लागि कुमारी बैंक चुमनुब्री शाखालाई प्रयोग अनुमति दिनका लागि राष्ट्रिय वाणिज्य बैंक गोरखा शाखा र कोष तथा लेखा नियन्त्रक कार्यालय गोरखोलाई आवश्यक सहमति, समन्वय र सहजीकरणका लागि लेखी पठाउने निर्णय गरियो ।

८. प्रस्ताव नं ८ उपर छलफल गर्दा चुमनुब्री गाउँपालिका वडा नं ६ चुम्लिङ तथा वडा नं ४ नामरूङमा यस क्षेत्रमा बढ्दो चामल खपत, सदरमुकामबाट रहेको भौगोलिक दुरी, भौगोलिक बनावट तथा खाद्य सुरक्षा तथा पहुँचलाई मध्येनजर गर्दै खाद्य डिपो स्थापनाका गर्नका लागि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड गोरखा शाखालाई लेखि पठाउने निर्णय गरियो ।

९. प्रस्ताव नं ९ उपर छलफल गर्दा चालु आ वमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत यस अघि वडा नं ७ मा छनौट भएको योजना संशोधन गर्दै छेकम्पार लघुजलविद्युत मुहान संरक्षण योजनालाई छनौट गरी प्राविधिकबाट सर्भे, अनुगमन तथा मुल्यांकन गराई सञ्चालन गर्ने र कार्यसम्पन्न भएपश्चात कार्यसम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी दिने निर्णय गरियो ।

निमा लामा

अध्यक्ष